तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर, दाङ

लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८२/०८३

च.नं.

**(औषधी तथा सर्जिकल सामग्री खरिद गर्ने बारेको विद्युतीय सिलबन्दी दरभाउपत्र आव्हानको सूचना)**

प्रथम पटक सूचना प्रकाशित मितिः— २०८२।०९।०१

ठेक्का नं. TSMC/IMP/G/SQ/3/082/083

यस कार्यालयलाई आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार आवश्यक पर्ने औषधी तथा सर्जिकल सामग्री विद्युतीय सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इजाजत प्राप्त इच्छुक संस्था, फर्म/ कम्पनीहरुले यो सूचना तथा दरभाउपत्र फाराममा उल्लेखित शर्त एवं रित पूरा गरी देहायको रकम बुझाई यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र www.bolpatra.gov.np/epg मा EGP ( प्रणाली सञ्चालन निर्देशिका २०७४ बमोजिम upload गरी पेश गर्न बिद्युतीय सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

शर्तहरुः—

(१)दरभाउपत्र फारम वापतको शुल्कको लागि रु. १,०००।— (एक हजार) मात्र फिर्ता नहुने गरी देहाय बमोजिम जम्मा गरेको बैंक भौचरको स्क्यान कपी बोलपत्रसाथ अपलोड गर्नु पर्नेछ ।

| | |
|---|---|
| बैंकको नाम: नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड.<br>राजश्व शिर्षक.................................. | खाता नं. ०३१०१४००२५००९२<br>कार्यलय कोड नं. ८०५५६३०२३०० |

(२)नेपाल सरकारबाट इजाजत प्राप्त फर्म/कम्पनीहरुले,फर्म/कम्पनी दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र तथा आ,ब, २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरु १/१ प्रति अनिवार्य पेश गर्नु पर्ने छ ।

(३)यस कार्यालयको नाममा (क) बर्गको बाणिज्य बैंकबाट जारी भएको देहाय बमोजिमको बिडबण्ड वा नगदै जमानत जम्मा गरेको सक्कलै बैंक भौचर वा बैंक जमानि पत्रका साथै अन्य कागजातहरु Scan गरी बोलपत्र साथ Uplode गर्नु पर्नेछ ।

| | |
|---|---|
| जमानत रकम रु. १०००००/-(एकलाख मात्र)<br>धरौटी खाता नं: ०३१०१४००२५००३०<br>**जमानत पत्रको मान्य अबधि:** बोलपत्र खोलेको मितिले ४५ दिन | कार्यालय कोड नं. ८०५५६३०२३००<br>बैंकको नाम: नेपाल इन्भेष्टमेन्ट मैगा बैंक लि. तुलसीपुर दाङ । |

(४)बिद्युतिय दरभाउपत्र (E- Bidding) सम्बन्धी थप जानकारी

(क)सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np बाट सूचना र बोलपत्र सम्बन्धी कागजात download गरी प्राप्त गर्न सकिने छ । सोही सूचना र बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित प्रकृया र शर्तहरुको परिधिमा रही दरभाउपत्र पेश गर्नु पर्नेछ ।

(ख)E-Bidding मा दरभाउपत्रसाथ पेश गर्नुपर्ने कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट www.bolpatra.gov.np/egp मा scanned copy upload गर्नु पर्नेछ ।

(ग) बोलपत्रदाताहरुले यो सूचना प्रकाशित भएको १६ औ दिनको १२:०० बजे भित्र EGP (प्रणाली सञ्चालन निर्देशिका, २०७४ बमोजिम बोलपत्र सम्बन्धी कागजातहरु upload गरिसक्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# तुलसीपुर उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं.

(घ) बोलपत्र पुरै वा आंशिक स्वीकृत गर्ने, अस्वीकृत गर्ने तथा तोकिएको परिमाणमा घटी वा बढी लिने गरी स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

(५)विद्युतीय सिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशन भएको मितिले १६ औं दिन अपरान्ह २: ०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन । E-Bidding मार्फत दरभाउपत्र पेश गरेका फर्महरुले सम्पूर्ण सक्कल कागजात तथा नमूनाहरु सोहि समयमा अनिवार्य रुपमा पेश गर्नुपर्ने छ । दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा पेश गर्ने दिन सार्वजनिक विदा परी कार्यालय बन्द भएमा उक्त कार्य त्यस पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

(६)दरभाउपत्र फाराममा केरमेट भएको ठाउमा सहिछाप नभएको, सबै आइटमहरुको दररेट नभरेको, कुल रकम अंक र अक्षरमा नलेखिएको, बोलपत्रको सूचना र बोलपत्र सम्वन्धी कागजातमा उल्लिखित सवै रित नपुगेको, धरौटी रकम नभएको वा पुरा नभएको, शर्त राखी पेश गरिएका दरभाउपत्र मान्य हुने छैन । नमूना गुणस्तर परिक्षण गर्दा तोकिए बमोजिमको गुणस्तर नभएको पाइएमा सम्बन्धित दरभाउपत्रदाताको दरभाउपत्र मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन ।

(७)दरभाउपत्र स्वीकृत भएको खण्डमा स्वीकृत दरभाउपत्रदाताले सोको सूचना पाएको ०७ दिनभित्र लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अंक कबुल गरेमा कबुल अंकको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सो को पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा नघट्ने गरी कार्यसम्पादन जमानत दाखिला गर्नुपर्नेछ । सो रकम यस कार्यालयको ०३१०१४००२५००३० नम्वरको नेपाल इन्भेष्टमेन्ट मेगा बैक लिमिटेड तुलसीपुर स्थित धरौटी खातामा रकम जम्मा गरेको सक्कलै बैक भौचर वा सोही रकम बरावरको कम्तिमा १३ महिना अवधि भएको मान्यता प्राप्त बैंकको बैक जमानी पत्र (Unconditional performance bond) पेश गरी सम्झौता गर्न आउनु पर्नेछ । सो बमोजिम सम्झौता गर्न नआएमा दरभाउपत्र साथ पेश गरेको धरौटी वा बिडवण्ड रकम जफत गरी दोश्रो घटी कवोल गर्ने दरभाउपत्रवालासंग सम्झौता गर्ने प्रकृया अगाडि बढाइने छ ।

(८)सम्झौता बमोजिम आपूर्ति हुने सामाग्रीहरुको भुक्तानी गुणस्तर तथा अन्य आवश्यक पक्ष जांच गरी बुझाएको आधारमा पटक पटक वा एकै पटक नियमानुसार लाग्ने करहरु कट्टा गरी बाँकी रकम कार्यालयले भुक्तानी दिने छ ।

सामानको विवरण, परिमाण एवं स्पेशिफिकेसन बोलपत्र फाराममा उल्लेख गरिएको छ । दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा आई सम्पर्क राख्न वा फोन नं. ०८२५२०२३३ र ईमेल tulsipursubmun2073@gmail.com मार्फत सम्पर्क गर्न सकिनेछ ।

.............................................
प्रमुख प्रशासकीय अधिकृत